# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

## प्रेस विज्ञप्ति

मितिः- २०७६/४/१९

मिति २०७६।०२।३२ गते नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १५ जमुनाह स्थित सडकमा चेकजाँच गर्ने क्रममा भारत रुपैडिया बाट नेपाल तर्फ आउँदै गरेको अवस्थामा भारतीय नागरिक कमल कुमार गुप्ताले चलाइ ल्याएको UP 40 AH 9019 नं. को स्कुटी रोकी सो स्कुटीमा सवार निज कमल कुमार गुप्ता र सानु गुप्ता लाई तलासी लिँदा नगद नेपाली रु. २०,००,०००।० बीस लाख फेला पारी स्कुटी समेत बरामद गरी पक्राउ परेका निज कमल कुमार गुप्ता र सानु गुप्तालाई आवश्यक कारवाहीको लागि पठाइएको भन्ने जिल्ला प्रहरी कार्यालय बाँकेको प.स. २०७५/७६ च.नं. ७५८३ मिति २०७६/०३/०१ को पत्रबाट प्राप्त हुन आएको उजुरी/सूचना उपर सम्पत्ति शुद्धीकरणको कसुरमा जाँचबुझ तथा अनुसन्धान हुँदा प्रतिवादीहरुले सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को अनुसूची १ को देहाय खण्ड (भ) को सम्बद्ध कसुरसँग सम्बन्धित नेपाली रु.२०,००,०००।- (बीस लाख) लाई सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ को उपदाफा (१) को देहाय खण्ड (क)(ख)(ग) ले निषेधित कार्य गरी गराई सोही ऐनको दफा ३ को उपदफा (३) को कसुरजन्य कार्य गरेको पुष्टि हुन आएवाट निज प्रतिवादी कमल कुमार गुप्तालाई विगो रु २०,००,०००।- कायम गरी ऐ, ऐनको दफा ३० को उपदफा (१) बमोजिम जरिवाना र कसूरको मात्रा अनुसार कैद सजाय हुनका साथै वीगो वापतको रु. २००००००।- (वीस लाख) र कसुरमा प्रयोग भएको स्कुटी थान-१ समेत सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ) निवारण ऐन , २०६४ को दफा २८(२) र ३४(१) बमोजिम जफत गरी पाउन र अर्का प्रतिवादी सानु गुप्ताको हकमा सोही कसुरमा विगो रु.२०,००,०००।-(बीस लाख) कायम गरी सोही ऐनको दफा ३०(१) बमोजिम (बिगोको दोब्बर जरिवाना र कसूरको गाम्भीर्यता हेरी दुई वर्षदेखि दश बर्षसम्म कैद सजाय हुन मागदावी लिई आज मिति २०७६/४/१९ गतेका दिन सम्मानित विशेष अदालत समक्ष अभियोग पत्र दर्ता गरिएको छ ।

प्रवक्ता/सूचना अधिकारी